जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९

जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ३०३ | २०८३ साल असार ०५ गते शुक्रवार | Friday-19-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-


## महालेखाको प्रतिवेदनले पचरौता नगरपालिकामा आर्थिक अराजकता उजागर

*शु.आ. सम्बाददाता*
*कलैया, ०४ असार*

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०८१/०८२ को प्रतिवेदनले पचरौता नगरपालिकाभित्र चरम आर्थिक बेथिति, प्रशासनिक लापरवाही र कानुनविपरीत खर्च प्रवृत्ति मौलाएको तथ्य उजागर गरेको छ। प्रतिवेदनले विशेषगरी भ्रमण खर्च शीर्षकमा गरिएको खर्चलाई लिएर गम्भीर प्रश्न उठाएको छ।

उक्त अवधिमा नगरपालिकाको प्रशासनिक नेतृत्व निमित्त प्रमुख प्रशासकीय अधिकृतका रूपमा शिक्षा शाखाका अधिकृत वसन्तराज जोशीले सम्हालिरहेका छन् । महालेखाको प्रतिवेदन सार्वजनिक भएसँगै नगरपालिकाको आर्थिक अनुशासन, कार्यशैली तथा जिम्मेवार अधिकारीको भूमिकामाथि तीव्र प्रश्न उठ्न थालेको छ।

महालेखाले मधेश प्रदेशअन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ र भ्रमण खर्च नियमावली, २०६४ विपरीत पचरौता नगरपालिकाले कर्मचारी तथा पदाधिकारीलाई ३४ लाख ४४ हजार




रुपैयाँ भ्रमण खर्च भुक्तानी गरेको उल्लेख गरेको छ।

प्रतिवेदनअनुसार नगरपालिकाले भ्रमण खर्च वितरण गर्दा आधारभूत कानुनी प्रक्रिया नै पालना गरेको देखिँदैन । नियमअनुसार राख्नुपर्ने भ्रमण अभिलेख खाता नराखिएको, कर्मचारी तथा पदाधिकारीको एकीकृत भ्रमण विवरण उपलब्ध नभएको तथा भ्रमण सम्पन्न भएपछि अनिवार्य रूपमा पेश गर्नुपर्ने भ्रमण प्रतिवेदनसमेत पेश नगराई रकम भुक्तानी गरिएको पाइएको छ। महालेखाले औँल्याएको अर्को गम्भीर विषय स्वास्थ्य शाखासम्बन्धी भ्रमण आदेश हो । प्रतिवेदनअनुसार सम्बन्धित अधिकार प्राप्त निकायबाट स्वीकृत हुनुपर्ने भ्रमण आदेश स्वास्थ्य चौकी प्रमुखमार्फत स्वीकृत गरिएको थियो। यसले प्रशासनिक अधिकारको दुरुपयोग तथा कार्यविधि मिचिएको स्पष्ट संकेत गरेको प्रतिवेदनमा उल्लेख छ।

त्यति मात्र होइन, नगरपालिकाले भ्रमण खर्च दोहोरो भुक्तानी हुनसक्ने अवस्थालाई नियन्त्रण गर्न कुनै प्रभावकारी संयन्त्रसमेत नबनाएको महालेखाले जनाएको छ। यसले एउटै भ्रमणमा पटक-पटक रकम निकासा भएको हुनसक्ने आशंकालाई बलियो

*बाँकी तेश्रो पृष्ठमा*

## फेटामा बिद्यार्थी आन्दोलित, अन्चित माध्यमिक बिधालयमा ताला

*शु.आ. सम्बाददाता*
*बारा, ०४ असार*

फेटा गाउपालिका वडा नम्बर ४ बतरा टोल स्थित श्री अन्चित माध्यमिक बिधालय आजदेखी अनिश्चितकालका लागि बन्द गरिएको छ। आफ्नो कमि कमजोरी लूकाउन प्रधानाध्यापक पान्नालाल बैठाले एक सुचना जारी गर्दै वातावरण नराम्रो भएकोले अर्को सुचना नआउन्जेलका लागि बन्द गरिएको बताएका छन।

यता एक बिद्यार्थीका अनुसार फेटा गाउपालिका वडा नम्बर ४ को मात्र नभइ उक्त क्षेत्रकै धरोहरको रूपमा मानिने श्री अन्चित माध्यमिक बिधालयको ब्यवस्थापन सम्बन्धि पटक पटक स्थानीय पालिकाका अध्यक्ष रूस्तम अन्सारीलाई जानकारी गराइ रहदा समेत केही वास्ता नदेखाएको कारण वतावरण सुधार हुन नसकेको बताए। उनका अनुसार गर्मीले अध्यन गर्न नसक्ने, नि.मा.बि. को शिक्षक मा.बि.को जिम्मा दिइएको बिषयमा पटक पटक जानकारी गराइ रहदा समेत केही चासो नदेखाएकै कारण बिबाद उत्पन्न भइ स्थानीय सरकारले बिधालय बन्द गर्नुपर्ने अवस्थामा




पुर्याएको दाबी गरे।

फेटा गाउपालिकाका अध्यक्ष रूस्तम अन्सारी आफ्नो स्वार्थमा परि मा.बि.को शिक्षकलाइ नि.मा.बि. मा र नि.मा.बि.को शिक्षकलाइ मा.बि.को जिम्मेवारी दिएकै कारण वातावरण सुधार हुन नसकेको आरोप बिद्यार्थीहरूले लगाएका छन। शिक्षामा सुधार गरिएको, शिक्षामा लगानी गरेको दाबी गर्ने अध्यक्ष रूस्तम अन्सारी शिक्षा क्षेत्रलाइ ब्यपार झै कमाइ खाने भाडो बनाएको बिद्यार्थीहरू बताउछन । खाजाको नाममा ब्यपार गर्ने गाउपालिका अध्यक्ष र प्रधानाध्यापक पान्नालाल बैठा बिरूध बिद्यार्थी असन्तुष्ट बन्दै करिब एक घन्टा प्रधानाध्यापकलाइ कोठामै थुन्नु पर्ने बाध्यता भएको बिद्यार्थीले दाबी गरे। भ्रष्टाचारको बिषयमा भएको उक्त बिबाद सङ्ग पन्छिन श्री अन्चित माध्यमिक बिधालयका प्रधानाध्यापक पान्नालाल बैठाले एक सुचना जारी गर्दै वातावरण सुधार नभएको र अर्को सुचना नआउनजेल बिधालय बन्द गरिएको पत्रमा उल्लेख छ । यस बिषयमा स्थानीय अभिभावकहरूले फेटा गाउपालिका अध्यक्ष रूस्तम अन्सारीको कार्यकल असफल रहेको बताएका छन । अभिभावकहरूका अनुसार शिक्षा क्षेत्रलाइ कमाइ खाने भाडो बनाउने मेयर र फेटा गाउपालिका अध्यक्ष बिरूध कडा रूपले अगाडी बढने बताएका छन।

## सरकार फेरिए, तर गाउँब्लक र एलानी जग्गाको समस्या ज्यूँका त्यूँ, लालपूर्जा अभावमा मधेशका हजारौँ परिवार पीडित, राज्य अझै मौन

*उपेन्द्र पासवान*
*बारा, ०४ असार*

देशमा सरकार फेरिने क्रम रोकिएको छैन । नयाँ-नयाँ गठबन्धन बन्छन्, नीति तथा कार्यक्रम सार्वजनिक हुन्छन्, भूमिसुधारका ठूला भाषण गरिन्छन् । तर तराई-मधेशका हजारौँ परिवारको जीवनसँग प्रत्यक्ष जोडिएको गाउँब्लक तथा एलानी जग्गाको समस्या भने दशकौँदेखि उही अवस्थामा थन्किएको छ। पुस्तौँदेखि घर बनाएर बसोबास गर्दै आएका नागरिकहरू आज पनि आफ्नो जग्गाको कानुनी स्वामित्व अर्थात् लालपूर्जाविहीन जीवन बिताउन बाध्य छन्। राज्यको नजरमा उनीहरू अझै "अनिश्चित" र "अव्यवस्थित" बसोबासीझैँ देखिन्छन्, जबकि उनीहरूका घर, परिवार, कर तिरेका अभिलेख र पुस्तौँदेखिको भोगचलन सबै प्रमाणका रूपमा विद्यमान छन्। तराई-मधेशका बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरीलगायत जिल्लामा ठूलो परिमाणमा गाउँब्लक तथा एलानी प्रकृतिका जग्गा रहेका छन् । ती जग्गामा बसोबास गर्ने अधिकांश परिवारसँग पुराना लेखत, तिरो तिरेको रसिद, फिल्डबुक र भोगचलनका प्रमाण हुँदाहुँदै पनि स्वामित्व प्रमाणित गर्ने जग्गाधनी प्रमाणपूर्जा भने छैन। स्थानीयवासीका अनुसार २०२१ सालको नापीका क्रममा फिल्डबुकमै




"यो जग्गा एलानी हो, म पुस्तौँदेखि घर बनाई बसोबास गर्दै आएको छु" भन्ने विवरण उल्लेख गरिएको छ। तर यति लामो समय बितिसक्दा पनि सम्बन्धित निकायले स्थायी समाधानको कुनै ठोस प्रक्रिया अघि बढाउन सकेको छैन। लालपूर्जा नहुँदा हजारौँ परिवारले दैनिक जीवनमै कानुनी र आर्थिक समस्या झेलिरहेका छन् । आफ्नै घरजग्गा भए पनि अंशबण्डा गर्न मिल्दैन। दाजुभाइबीच कानुनी रूपमा भागबण्डा गर्न, बिक्री-वितरण गर्न, नामसारी गर्न वा बैंकबाट ऋण लिन समेत समस्या हुने गरेको छ।

कतिपय परिवारले पुस्तौँदेखि भोगचलन गर्दै आएको जग्गा आफ्नै नाममा दर्ता गराउन नसक्दा आर्थिक रूपमा कमजोर बन्दै गएका छन्। उनीहरूको सम्पत्ति कानुनी रूपमा सुरक्षित नहुँदा भविष्य अन्योलपूर्ण बनेको छ।

विशेषगरी दलित, गरिब, भूमिहीन तथा पछाडि पारिएका समुदाय यस समस्याबाट सबैभन्दा बढी प्रभावित छन् । घर छ, तर अधिकार छैन । जग्गा छ, तर प्रमाण छैन । राज्यको यही उपेक्षाका कारण हजारौँ परिवार असुरक्षित जीवन बाँच्न बाध्य छन्। भूमिसम्बन्धी समस्या समाधानका नाममा विगतदेखि वर्तमानसम्म विभिन्न आयोग गठन भए। भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीका विषयमा पटक-पटक राजनीतिक भाषण भए । चुनावी घोषणापत्रमा आश्वासन दिइयो।

तर गाउँब्लक तथा एलानी जग्गाको

*बाँकी तेश्रो पृष्ठमा*

## परवानीपुर गाउँपालिकाद्वारा बजार अनुगमन, म्याद गुज्रेका सामान र सरसफाइमा विशेष निगरानी

*शु.आ. सम्बाददाता*
*बारा, ०४ असार*

परवानीपुर गाउँपालिकाले बजार क्षेत्रमा सञ्चालन भइरहेका औषधि पसल, किराना, होटल तथा मसला पसलहरूको अनुगमन गर्दै व्यवसाय दर्ता, सरसफाइ तथा म्याद गुज्रेका सामग्री नियन्त्रणमा कडाइ थालेको छ। गाउँपालिका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मीको नेतृत्वमा बिहीबार गरिएको अनुगमनमा उपाध्यक्ष सुगान्धी देवी कनुइन, प्रमुख प्रशासकीय अधिकृत मुन्ना साह रौनियार, स्वास्थ्य शाखा प्रमुख जयकृष्ण मिश्र, राजश्व शाखा प्रमुख कृष्णा प्रसाद यादव, प्रशासन शाखा प्रमुख लक्ष्मी बडाल, सूचना प्रविधि शाखा प्रमुख रबी जैसवाल, गाउँ प्रहरी प्रमुख महानन्द कुर्मी तथा गाउँ प्रहरीको टोली सहभागी रहेको थियो। अनुगमन टोलीले गाउँपालिका क्षेत्रभित्र रहेका ३ वटा औषधि पसल, ५ वटा किराना पसल, ६ वटा होटल तथा ३ वटा मसला पसलको निरीक्षण गरेको जनाएको छ । निरीक्षणका क्रममा औषधि तथा अन्य खाद्य सामग्रीको अन्तिम म्याद, होटलको सरसफाइ अवस्था, खाद्य वस्तुको भण्डारण तथा व्यवसाय सञ्चालन प्रक्रियाको अनुगमन गरिएको थियो। अनुगमनका क्रममा केही पसल तथा



होटलहरूमा सरसफाइमा कमी, म्याद गुज्रिन लागेका सामग्री तथा व्यवसाय दर्ता नगरी सञ्चालन गरिरहेको अवस्था भेटिएको गाउँपालिकाले जनाएको छ । टोलीले त्यस्ता व्यवसायीलाई तत्काल सुधार गर्न निर्देशन दिँदै पालिकामा अनिवार्य रूपमा व्यवसाय दर्ता गर्न आग्रह गरेको छ।

गाउँपालिका अध्यक्ष रामक्षत्री प्रसाद कुर्मीले उपभोक्ताको स्वास्थ्य र सुरक्षालाई ध्यानमा राखेर बजार अनुगमनलाई प्राथमिकता दिइएको बताए। उनले बजार क्षेत्रमा गुणस्तरीय सेवा, स्वच्छ खाद्य सामग्री र कानुनी प्रक्रिया पालना सुनिश्चित गर्न नियमित अनुगमनलाई निरन्तरता दिइने जानकारी दिए।

स्वास्थ्य शाखा प्रमुख जयकृष्ण मिश्रले म्याद गुज्रेका औषधि तथा खाद्य सामग्री बिक्री वितरणले जनस्वास्थ्यमा गम्भीर असर पार्न सक्ने भएकाले व्यवसायीहरूलाई सचेत रहन आग्रह गरे। त्यस्तै होटल तथा खाद्य व्यवसाय सञ्चालन गर्नेहरूले सरसफाइमा विशेष ध्यान दिनुपर्ने उनले बताए। गाउँपालिकाले आगामी दिनमा पनि बजार अनुगमनलाई अझ प्रभावकारी बनाउँदै उपभोक्ता हित संरक्षण, राजश्व दायरा विस्तार तथा व्यवसायलाई व्यवस्थित बनाउने अभियान जारी राख्ने जनाएको छ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम विहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्युटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### बसवरीया नाकामा बढ्दो तस्करी : मौन राज्य संयन्त्र

नेपाल-भारत सीमामा तस्करी नयाँ विषय होइन । तर बारा-रौतहट सीमाक्षेत्रअन्तर्गत पर्ने बसवरीया नाकाबाट पछिल्लो समय अवैध आयात-निर्यात गतिविधि बढिरहेको गुनासोले राज्य संयन्त्रमाथि गम्भीर प्रश्न उठाएको छ । स्थानीयवासीका अनुसार दिनदहाडै पिकअप गाडीमार्फत सामान ओसारपसार भइरहँदा पनि सम्बन्धित सुरक्षा निकाय प्रभावकारी रुपमा सक्रिय देखिएका छैनन् ।

माछा, फूल, चकलेट, कस्मेटिक लगायतका सामग्री अवैध रुपमा नेपाल भित्रिने तथा भारततर्फ पठाइने गरेको आरोप छ । यसरी हुने तस्करीले राज्यलाई ठूलो राजस्व घाटा पुऱ्याइरहेको बताइन्छ । अझ चिन्ताको विषय त के छ भने, सीमाक्षेत्रमा सक्रिय केही व्यक्तिहरु सुरक्षा निकायको पहुँच र संरक्षणमा खुलेआम तस्करी गरिरहेको स्थानीयको दाबी छ । वैधानिक रुपमा भन्सार तिरेर व्यापार गर्ने व्यवसायीहरु तस्करीका कारण प्रत्यक्ष मारमा परिरहेका छन् । अवैध रुपमा भित्रिएका सामान सस्तो मूल्यमा बजारमा पुग्दा कानुनी व्यापार गर्ने व्यापारी प्रतिस्पर्धामा टिक्न कठिन हुने अवस्था सिर्जना भएको छ । यसले वैधानिक व्यापारलाई कमजोर बनाउनुका साथै राज्यप्रतिको विश्वाससमेत घटाउँछ । यदि सीमाबाट अवैध रुपमा भित्रिएका सामग्री देशका मुख्य बजारसम्म सहज रुपमा पुगिरहेका छन् भने यो केवल सीमा सुरक्षाको कमजोरी मात्र होइन, संगठित अपराधको संकेत पनि हो । यस्तो अवस्थामा नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा भन्सार प्रशासनको भूमिका स्वाभाविक रुपमा प्रश्नको घेरामा पर्छ ।

तस्करी केवल राजस्व चुहावटको विषय होइन । यसले राष्ट्रिय अर्थतन्त्र, सुशासन र सुरक्षा व्यवस्थामाथि प्रत्यक्ष असर पार्छ । त्यसैले बसवरीया नाकामा भइरहेको भनिएको गतिविधिबारे निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्नु राज्यको दायित्व हो । सीमामा मौलाउँदै गएको तस्करी रोक्न सरकार अब गम्भीर बन्नैपर्छ । अन्यथा यसले कानुनी व्यापार, राज्यको विश्वसनीयता र सुरक्षा व्यवस्थामाथिको जनविश्वासलाई अझ कमजोर बनाउने निश्चित छ ।

# जटिल आर्थिक अवस्थाबीचका सम्भावनाहरु

डा. अम्बिका शर्मा

आर्थिक वर्ष २०८२/८३ मा नेपालको अर्थतन्त्र 'बाहिर बलियो, भित्र कमजोर' खालको दोहोरो चरित्रमा रहेको देखिन्छ। रेमिट्यान्स र विदेशी मुद्रा सञ्चितिले बाह्य क्षेत्रलाई इतिहासकै सबल बनाए तापनि उत्पादन, लगानी र रोजगारीको आन्तरिक जग भने बलियो छैन । आर्थिक वृद्धिदर सुस्ताएको वर्तमान अवस्थालाई पूर्वाधार विकास र आयात प्रतिस्थापनमा जोड दिई आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्ने अवसरमा परिणत गर्न सकेमा भविष्यका निमित्त सबल अर्थतन्त्र निर्माण गर्न सकिन्छ। गत वर्ष ४.६ प्रतिशत वृद्धि भएको जीडीपी चालु आर्थिक वर्षमा २.७ प्रतिशतदेखि ३.८५ प्रतिशतको बीचमा रहने अनुमान छ। एसियन डेभलपमेन्ट बैंकले यसको वृद्धिदर २.७ प्रतिशत रहने उल्लेख गरे पनि नेपाल सरकारको आर्थिक सर्वेक्षणले यसलाई ३.८५ प्रतिशतको लक्ष्यमा राखेको छ।

नेपालको अर्थतन्त्रमा ह्रास आउनुको मुख्य कारणहरू केलाउँदा राजनीतिक अस्थिरता, पश्चिम एसियाको द्वन्द्व, प्राकृतिक प्रकोपजस्ता कारणका साथसाथै २०८२ भदौको आन्दोलन र त्यसपछिको नीतिगत अन्योलताले लगानीकर्तामा घटेको मनोबल प्रमुख रहेको छ ।

खाडी क्षेत्रको युद्धले तेलको मूल्यमा भारी वृद्धि हुन गई यातायात र उत्पादन लागतमा भएको मूल्य वृद्धि र अक्टोबर २०२५ को बाढीले धान उत्पादन ४.२ प्रतिशतले घटेर ५.७ लाख मेट्रिकटनमा झार्न पुग्नु अर्थतन्त्रमा ह्रास आउनुको अर्को कारण रहेको छ ।

हाल नेपालको कृषि, उद्योग र सेवा तीनै क्षेत्र सुस्त छन्। निर्माण क्षेत्रमा पुँजीगत खर्च ढिलो हुँदा, निजी क्षेत्रले जोखिम नलिँदा तथा परियोजना सम्पन्न नै हुन नदिने गरी सस्तो राजनीतिक लाभ र स्वार्थ समूहको प्रभावमा गरिने अभियोजनले गर्दा नयाँ परियोजनाहरू कम र सुस्त रूपमा सुरु भएका छन्। तमाम चुनौतीबीच पनि बाह्य सूचक राम्रा छन् र यसको मुख्य श्रेय रेमिट्यान्सलाई जान्छ। चालु आर्थिक वर्षको १० महिनामा रेमिट्यान्स ४१.२ प्रतिशतले बढेको छ। आठ महिनाको तथ्यांकमा ३७.७ प्रतिशतले बढेर १ खर्ब ४ अर्ब रुपैयाँ पुग्न गई कुल जीडीपीमा रेमिट्यान्सको हिस्सा ३ प्रतिशतले बढ्न गएको छ। अहिले रहेको विदेशी मुद्रा सञ्चिति ३ खर्ब ७० अर्ब रुपैयाँले १९.२ महिनाको वस्तु तथा सेवा आयात धान्न सक्दछ। चालु खाता ५२ अर्ब र शोधनान्तर ६५८ अर्ब रुपैयाँले बचतमा रहेको यो सञ्चिति नेपालको इतिहासमा हालसम्मकै उच्च रहेको छ। यद्यपि निर्यात ७.५ प्रतिशतले र आयात १८.७ प्रतिशतले वृद्धि हुँदा व्यापार घाटा भने यथावत् छ। तेल, गाडी, सुन र कृषि वस्तुको आयातले व्यापार घाटालाई बढाइरहेको छ र पश्चिम एसियाको द्वन्द्व लम्बिए व्यापार घाटा अझ वृद्धि हुने सम्भावना छ।

आठ महिनाको औसत उपभोक्ता मुद्रास्फीति २.१३ प्रतिशत गत वर्षको ४.७२ प्रतिशतभन्दा कम रहे पनि १० महिनाको औसत उपभोक्ता मुद्रास्फीति पुनः बढेर ५.०४ प्रतिशत पुगेको छ। विशेष गरेर फलफूल १८.६ प्रतिशत, घिउ-तेल १३.९ प्रतिशत, यातायात १५.३ प्रतिशत, विविध सामान १९.९ प्रतिशतले वृद्धि हुन पुग्दा सहरी क्षेत्रमा ५.२९ प्रतिशत र ग्रामीणमा ४.३५ प्रतिशत महँगी बढेको छ।

लगानी र रोजगारी खुम्चिएको छ, रेमिट्यान्सबाट पैसा आए पनि उत्पादनमा लगानी भएको छैन । बैंकबाट निजी क्षेत्रमा जाने कर्जा केवल ४.४ प्रतिशतले मात्र बढेको छ । लगानीकर्ताले नयाँ उद्योग-व्यवसायमा पैसा हाल्न मानिरहेका छैनन्। घरजग्गा र सेयर बजार पनि चलायमान छैन। कृषिको आधुनिकीकरण र व्यवसायीकरण नै पहिलो आयात प्रतिस्थापन हो। सिँचाइ, मल, बिउ र कोल्ड स्टोरेजमा लगानी गरेर धान, गहुँ, मकै, तरकारी र फलफूलमा आत्मनिर्भर बन्न सकिन्छ।

लगानी र रोजगारी खुम्चिएको छ, रेमिट्यान्सबाट पैसा आए पनि उत्पादनमा लगानी भएको छैन । बैंकबाट निजी क्षेत्रमा जाने कर्जा केवल ४.४ प्रतिशतले मात्र बढेको छ । लगानीकर्ताले नयाँ उद्योग-व्यवसायमा पैसा हाल्न मानिरहेका छैनन्। घरजग्गा र सेयर बजार पनि चलायमान छैन। सरकारको कुल खर्च ९२६ अर्ब रुपैयाँ पुगेको छ, तर राजस्व ७४७ अर्ब मात्र उठेको छ। पुँजीगत खर्च समयमा नहुँदा विकास निर्माणले गति लिएको छैन । सार्वजनिक ऋण २.८७ खर्ब रुपैयाँ पुगेर जीडीपीको ४३.६ प्रतिशत भएको छ। अधिकांश रोजगारी रहेको कृषिले जीडीपीको २४ प्रतिशत हिस्सा ओगटिरहँदा उद्योग र सेवा क्षेत्रले पर्याप्त रोजगारी सिर्जना गर्न सकेका छैनन्, जसले गर्दा युवाशक्ति विदेश पलायन भइरहेको छ।

आन्तरिक अर्थतन्त्र बलियो बनाउने सबैभन्दा महत्वपूर्ण औजार पूर्वाधारलाई लिइन्छ। पूर्वाधारले लागत घटाउँछ, लगानी आकर्षित गर्छ र रोजगारी सिर्जना गर्छ। विश्व बैंकले पनि आधारभूत पूर्वाधार विकासलाई आर्थिक लचिलोपनका लागि अनिवार्य सर्त भनेको छ। तर हाम्रो सन्दर्भमा पुँजीगत बजेट समयमै खर्च नहुनु र आयोजना ढिला हुनु सबैभन्दा ठूलो समस्या हो।

१४ वटा नयाँ जलविद्युत् आयोजना सुरु भएपछि विद्युत् उत्पादन २०.९३ प्रतिशतले बढ्न जाने, जसले गर्दा भारत र बंगलादेशमा बिजुली निर्यात गरेर विदेशी मुद्राको आम्दानी बढाउन सकिन्छ । आयातित डिजेल र एलपीजीको खपत घटाएर व्यापार घाटा कम गर्न प्रसारण लाइन र सबस्टेसनजस्ता पूर्वाधारमा लगानी बढाउनु बुद्धिमानी हुन्छ। सडक, रेल र विमानस्थलले वस्तु ढुवानी लागत घटाउँछ। हुलाकी राजमार्ग, मध्यपहाडी लोकमार्ग र फास्ट ट्र्याकजस्ता आयोजना समयमै सम्पन्न गरी उत्पादन लागत घटाउन सकिन्छ।

सरकारले कृत्रिम बुद्धिमत्ता (एआई), क्लाउड कम्प्युटिङ र साइबर सुरक्षालाई प्राथमिकता दिएको छ । डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन भए आईटी सेवा निर्यात बढ्छ । आईटी पार्क, डेटा सेन्टर र ब्रोडब्यान्ड विस्तारले युवालाई देशमै रोजगारी दिन सकिन्छ। व्यवस्थित सहरीकरणले सेवा क्षेत्रको उत्पादकत्व बढाउँछ। खानेपानी, ढल, फोहोर व्यवस्थापन र सार्वजनिक यातायातमा लगानी बढे जीवनस्तर सुधार हुन्छ र यसका लागि निजी लगानी आकर्षित हुन्छ।

अर्कोतर्फ हामीले स्वदेशमै उत्पादन गर्न सक्ने दैनिक प्रयोगका खर्बौंको खाद्यान्न, फलफूल र तरकारी जस्ता धेरै वस्तु विदेशबाट किन्छौं। व्यापार घाटा पनि कम हुने र रोजगारी बढाउने दीर्घकालीन उपाय पनि हुने भएकाले यस्ता वस्तुको उत्पादन नेपालमै गरेर आयात प्रतिस्थापन गर्न सकिन्छ।

आयात प्रतिस्थापन भनेको सबै आयात बन्द गर्ने होइन। यसलाई तुलनात्मक लाभ भएका वस्तु उत्पादन गरेर व्यापार घाटा कम गर्ने र रोजगारी बढाउने रणनीतिको रूपमा लिइनु पर्दछ । कृषिको आधुनिकीकरण र व्यवसायीकरण नै पहिलो आयात प्रतिस्थापन हो। सिँचाइ, मल, बिउ र कोल्ड स्टोरेजमा लगानी गरेर धान, गहुँ, मकै, तरकारी र फलफूलमा आत्मनिर्भर बन्न सकिन्छ । चिया, कफी, अलैंची, अदुवाजस्ता उच्च मूल्यका नगदे बालीको उत्पादन बढाएर निर्यात गर्न सकिन्छ।

सिमेन्ट, डन्डी, जुत्ता-चप्पल, औषधिजस्ता वस्तुमा नेपाल लगभग आत्मनिर्भर भइसकेको छ। अब तयारी पोसाक, प्रशोधित खाद्य, कृषि औजार र निर्माण सामग्रीमा स्वदेशी उद्योगलाई प्रवर्द्धन गर्नुपर्छ । 'मेक इन् नेपाल' अभियानलाई कर, बिजुली र जग्गामा सहुलियत दिएर बलियो बनाउनुपर्छ। शिक्षा र स्वास्थ्यका लागि ठूलो रकम बाहिरिन्छ। गुणस्तरीय विश्वविद्यालय र अस्पतालमा लगानी गरे यो रकम देशमै राख्न सकिन्छ। त्यस्तै आईटी र बीपीओ सेवालाई प्रवर्द्धन गरेर विदेशी कम्पनीको सेवा आयात घटाउन सकिन्छ।

यी सम्भावनाहरूलाई वास्तविकतामा बदल्न लगानीकर्तालाई विश्वास दिलाउने स्पष्ट र स्थिर नीति तयार गर्ने, विकास बजेट असारमा होइन, समयमै खर्च गर्ने प्रणाली तयार गर्ने, झन्झटिलो प्रक्रिया हटाएर सस्तो कर्जा र बिजुली दिएर उत्पादन बढाउने तथा ऊर्जा, सडक र डिजिटल पूर्वाधारमा वैदेशिक लगानी र पीपीपी मोडेलमा काम गर्नसक्ने वातावरण तयार गर्न सक्नु पर्दछ।

आ.व. २०८२/८३ को पृष्ठभूमिमा आगामी दिनमा पुनरुत्थानको सम्भावना छ । यस अवधिमा आर्थिक वृद्धिका लागि नयाँ आयोजनाबाट उत्पादन र निर्यात दुवै बढ्ने, राजनीतिक स्थिरताले गर्दा पर्यटक आगमन बढ्ने र २०८४ मा हुने स्थानीय चुनाव र पुनर्निर्माणले उपभोग र लगानी बढाउने आकलन गर्न सकिन्छ।

नेपालको अर्थतन्त्र अहिले 'रेमिट्यान्सको बैसाखी' मा उभिएको छ । बाह्य क्षेत्र बलियो देखिए पनि आन्तरिक उत्पादन र रोजगारी कमजोर हुँदा यो वृद्धि दिगो छैन । पश्चिम एसियाको द्वन्द्व र राजनीतिक अस्थिरता रेमिट्यान्सका लागि तत्काल देखिएका जोखिमहरू हुन् । यसको दीर्घकालीन समाधान भनेको पूर्वाधार विकास र आयात प्रतिस्थापन नै हो। सडक, बिजुली र इन्टरनेटको जगमा उद्योग कलकारखाना खोलेर हामीले खाने कुरा, लगाउने लुगा र चलाउने इन्धन स्वदेशमै उत्पादन गर्नुपर्छ । यसले व्यापार घाटा घटाउँछ, रोजगारी सिर्जना गर्छ र रेमिट्यान्समा निर्भरता कम गर्छ।

नेपालको पुनरुत्थान सम्भव छ, तर त्यसका लागि 'रेमिट्यान्स पर्खने' होइन, 'रेमिट्यान्सलाई उत्पादनमा लगाउने' नीति चाहिन्छ। पूर्वाधार र उत्पादनमा लगानी आजको आवश्यकता र भोलिको समृद्धि हो।


## जनहितमा जारी जरुरी सूचना

सडक हामी सबैको साझा सम्पत्ती हो। यो सम्पत्तीको प्रयोग गर्ने अधिकार हामी सबैको रहेको छ । अनि सडक, पुल, झोलुंगे पुल जस्ता भौतिक पूर्वाधारका संरचनाहरुको संरक्षण गर्नु पनि हामी सबैको दायित्व हो । करोडौंको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत संभारले धेरै समयसम्म टिकाउ र प्रयोगयोग्य रहनेछ । तपाई हाम्रै सानो सहयोग, मेहनत, प्रयास र सुचनाले महत्वपूर्ण भुमिका खेल्नेछ । त्यसैले,

-सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
-निर्माण सामाग्री/ब्यापारिक सामाग्री सडक तथा फुटपाथमा नराखौं ।
-घर, पसल, सवारीसाधनबाट निस्कने फोहोरमैला नालीमा नफालौं ।
-नालीलाई बिभिन्न निर्माणका समयमा नपुरिने गरी निर्माण कार्य गरौं । वा पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी ब्यवस्था गरौं र कार्य सकिए लगत्तै नाली सफा गरौं ।
-सडकमा सवारी साधन धुने, पखाल्ने काम नगरौं ।
-सानातिना पहिरो तथा अन्य कारणले नाली अवरुद्ध भएमा नालीको प्रवाहको लागि हामीले प्रयास गरौं र खेतबारीका कुलो, खानेपानीका पाइपहरु, सडक, नाली, कल्भर्टबाट प्रयोग नगरौं ।
-बाढीपहिरो तथा अन्ड कारणबाट सडक तथा संरचनाहरु अवरुद्ध भएमा, क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं ।

पूर्वाधार विकास कार्यालय, बारा



## विश्रामपुर गाउँपालिका
### विश्रामपुर, बारा

जनहितका लागि जारी गरिएको सन्देश

- सार्वजनिक स्थलमा फोहोर नफालौं, गाउँलाई सफा राखौं,
- छोरा छोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन् । बालबालिकाको लालनपालन र शिक्षा दिक्षामा लगानी गरौं,
- जन्म, विवाह, बसाईंसराइँ, मृत्यू आदि व्यक्तिगत घटनाहरु दर्ता गरौं,
- आफ्नो व्यक्तिगत आम्दानी, घर बहाल वा व्यवसायको कर समयमा तिरौं,
- बालश्रमको प्रयोग नगरौं । बालश्रम मुक्त नगर बनाऔं, सबै बालबालिकाहरुलाई विद्यालय पठाऔं,
- गाउँको विकासमा योगदान गरौं, नगरका हरेक गतिविधिमा चासो राखौं ।
- प्लाष्टिकजन्य पदार्थ लगायत फोहोर सामाग्रीहरु नबालौं । यस्ता सामान बाल्दा कार्सिनोजेन उत्पन्न भई क्याम्पस जस्तो भयाबह रोग लाग्न सक्छ,
- गाउँलाई वातावरणमैत्री गाउँको रुपमा विकास गरौं, वातावरणमैत्री स्थानीय शाशन अबलम्बन गरौं ।
- घरबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने गरी २ भागमा छुट्याएर कुहिनेलाई कम्पोट मल बनाई प्रयोग गरौं वा फोहोर संकलन बहानमा मात्र फोहोर फाल्ने बानी बसालौं ।

प्रमुख प्रसाशकीय अधिकृत


समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौ । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# अमेरिका-इरान युद्ध रोक्ने समझदारीमा डिजिटल हस्ताक्षर



***वासिङ्टन*** - अमेरिका र इरानबीच जारी युद्ध अन्त्य गर्ने उद्देश्यका साथ दुवै देशले एक ऐतिहासिक समझदारी पत्र (एमओयू) मा हस्ताक्षर गरेका छन् । इरानको विदेश मन्त्रालय र अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसले संयुक्त रूपमा यसको पुष्टि गरेका हुन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इरानी राष्ट्रपति मसूद पेजेस्कियानले यस समझदारी पत्रमा डिजिटल माध्यमबाट हस्ताक्षर गरेका हुन् । यो समझदारीसँगै अमेरिका र इस्रायलले इरानविरुद्ध गरिरहेको युद्ध औपचारिक रूपमा रोकिने विश्वास गरिएको छ । दस्तावेजमा डिजिटल हस्ताक्षर भइसकेका कारण स्विट्जरल्यान्डको जेनेभामा आगामी शुक्रबार हुने भनिएको वार्तामा दुवै पक्षका प्रतिनिधि सहभागी भए पनि कुनै भौतिक हस्ताक्षर समारोह भने आयोजना नहुने इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघेईले जानकारी दिएका छन् ।

यसैबीच, अमेरिकी राष्ट्रपति ट्रम्पले आगामी ६० दिनको वार्ताको अवधि 'अन्तिम समयसीमा' नभएको बताएका छन् । यो अवधिमा दुवै देशले तेहरानको आणविक कार्यक्रमलाई लिएर एउटा अन्तिम र ठोस सम्झौतामा पुग्नुपर्नेछ । यद्यपि, ट्रम्पले चेतावनी दिँदै अर्को चरणको वार्ता ६० दिनभित्र निष्कर्षमा नपुगे वा इरानले यस समझदारीको पालना नगरे पुनः युद्ध सुरु हुने र इरानमाथि "भीषण बमबारी" गर्ने चेतावनी समेत दिएका छन् ।

सम्झौता अनुसार इरानको पुनर्निर्माणका लागि ३०० अर्ब अमेरिकी डलरको एउटा विशेष कोष प्रस्ताव गरिएको छ । अमेरिकी अधिकारीका अनुसार यो कोषमा इरानका छिमेकी मुलुकले रकम जम्मा गर्नेछन् र यसको प्रयोग युद्धबाट ध्वस्त भएका इरानी पूर्वाधारको पुनर्निर्माणमा गरिनेछ । इरानले पनि आफ्ना क्षेत्रीय साझेदारले मुलुकमा ३०० अर्ब डलर लगानी गर्ने र त्यसको एउटा हिस्सा पुनर्निर्माणमा खर्च गरिने पुष्टि गरेको छ ।

# अमेरिका र इरान युद्ध रोक्ने सम्झौताः कच्चा तेलको मूल्य घट्यो, सेयर बजारमा उत्साह

***काठमाडौँ*** - संयुक्त राज्य अमेरिका र इरानबीच युद्ध अन्त्य गर्ने विषयमा अन्तरिम शान्ति सम्झौता मा हस्ताक्षर भएसँगै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा गिरावट आएको छ भने विश्व सेयर बजारमा उत्साह छाएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले 'उचित व्यवहार' नगरे पुनः सैन्य कारबाही सुरु हुन सक्ने चेतावनी दिएपछि केही समय अस्थिर बनेको बजार सम्झौतासँगै पुनः लयमा फर्किएको हो । बिहीबार बिहान एसियाली बजार खुल्ने बित्तिकै कच्चा तेलको मूल्य १.६ प्रतिशतले घटेको छ । आगामी अगस्टका लागि ब्रेन्ट फ्युचर्सको मूल्य प्रतिब्यारेल ७८.२३ डलर कायम भएको छ । यो मूल्य गत फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानविरुद्ध युद्ध सुरु गर्नुभन्दा ठीक अघिको तुलनामा मात्र ७ प्रतिशतले बढी हो । बुधबार राष्ट्रपति ट्रम्पको कडा टिप्पणीपछि तेलको मूल्य प्रतिब्यारेल ८१ डलर माथि पुगेको थियो ।

चार महिनादेखि विश्वव्यापी ऊर्जा आपूर्ति शृङ्खलामा परेको अवरोध हट्ने विश्वासका साथ बिहीबार एसियाली सेयर बजारमा उल्लेख्य वृद्धि देखिएको छ । जापानको नेकी २२५ १.८ प्रतिशत र दक्षिण कोरियाको कोस्पी १.४ प्रतिशतले बढ्दै अहिलेसम्मकै उच्च विन्दुमा पुगेका छन् । त्यस्तै, ताइवानको ट्याइक्समा १.३ प्रतिशतको सुधार आउँदा हङकङको ह्याङसेङ भने अपवादका रूपमा १.७ प्रतिशतले ओरालो लागेको छ । अमेरिकी सेयर बजारका फ्युचर्स सूचकहमा पनि क्रमशः ०.८ र १.३ प्रतिशतको वृद्धि देखिएको छ ।

वासिङ्टन र तेहरानबीचको वार्तामा मध्यस्थता गरेका पाकिस्तानी प्रधानमन्त्री शहबाज सरिफले बुधबार अमेरिका-इरान समझदारी पत्र 'तत्काल' लागू भएको घोषणा गरेका छन् । सरिफका अनुसार इरानले महत्त्वपूर्ण स्ट्रेट अफ हर्मुज तुरुन्तै खुला गर्नेछ भने अमेरिकाले पनि इरानी बन्दरगाहरूमा लगाएको नौसैनिक नाकाबन्दी तत्काल हटाउनेछ ।


## जनहितमा जारी सन्देश

- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं ।
- सडेगलेका तथा बासी खाना नखाऔं ।
- घरवरिपरी तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

सुवर्ण गाउँपालिका
कवहीगोठ, बारा



## सिम्रौनगढ नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

सिम्रौनगढ नगरपालिकाको कार्यालय, सिम्रौनगढ, बारा


## ट्र्याक्टरको..........

चिकित्सकले थप उपचारका लागि वीरगन्ज रेफर गरेका थिए ।

तर, वीरगन्ज लैजाने क्रममा दिउँसो करिब १:४५ बजेको समयमा बाटोमै उनको मृत्यु भएको वेटर नेपाल हस्पिटलका चिकित्सकले पुष्टि गरेका छन् । मृतकको शवलाई पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल गौर रौतहट पठाइएको प्रहरीले जनाए । रुप्रहरी परिचालन र चालक नियन्त्रणमा

घटनाको जानकारी पाउनासाथ इलाका प्रहरी कार्यालय समनपुरबाट प्रहरी नायब निरीक्षक मुना पासवानको कमाण्डमा र इलाका प्रहरी कार्यालय गरुडाबाट प्रहरी निरीक्षक उज्ज्वल क्षेत्रीको कमाण्डमा १५ जनाको संयुक्त प्रहरी टोली घटनास्थलमा खटिएको थियो ।

दुर्घटनास्थल समनपुर प्रहरी कार्यालयबाट करिब ५०० मिटर उत्तरतर्फ पर्दछ ।

प्रहरीले दुर्घटनामा संलग्न ट्र्याक्टर र त्यसका चालक रौतहटको गरुडा नगरपालिका वडा नम्बर ५ बस्ने अन्दाजी ३९ वर्षीय राम किशुन यादवलाई नियन्त्रणमा लिएको छ ।

प्रहरीको प्रारम्भिक जाँचका क्रममा चालक यादवले मादक पदार्थ सेवन नगरेको र उनीसँग सवारी चालक अनुमति पत्र समेत रहेको पाइएको छ । दुर्घटनापछी मोटरसाइकल चालक भने घटनास्थलबाट फरार भएका छन् । प्रहरीले उनको खोजी कार्य तीव्र बनाएको छ ।

दुर्घटनाग्रस्त ट्र्याक्टर हाल घटनास्थलमै रहेको र त्यसलाई इलाका प्रहरी कार्यालयमा ल्याउने पहल भइरहेको प्रहरीले जनाए । घटनाका सम्बन्धमा थप विवरण आउन बाँकी रहेको र प्रहरीले आवश्यक कानुनी अनुसन्धान अगाडि बढाएको छ ।

## महालेखा.....

बनाएको छ ।

प्रतिवेदनको सबैभन्दा गम्भीर टिप्पणी भने भ्रमणको उद्देश्य र औचित्यमाथि छ । महालेखाले "स्पष्ट प्रयोजन र उद्देश्यविनै अधिकांश भ्रमण सात दिनसम्मको अवधि राखेर खर्च भुक्तानी गरिएको" उल्लेख गर्दै भ्रमण खर्च शीर्षकमा व्यापक दुरुपयोग भएको संकेत गरेको छ ।

यसले नगरपालिकाभित्र भ्रमण खर्चलाई सेवा प्रवाहभन्दा बढी व्यक्तिगत सुविधा र आर्थिक चलखेलको माध्यम बनाइएको थियो कि भन्ने प्रश्न उब्जिएको छ । जनताले तिरेको करबाट सञ्चालन हुने स्थानीय तहमा यति ठूलो रकम पारदर्शिताविहीन रूपमा खर्च हुनु गम्भीर विषय भएको सरोकारवालाहरू बताउँछन् ।

स्थानीयवासीका अनुसार नगरपालिकाभित्र सडक, स्वास्थ्य, शिक्षा, सरसफाइ र आधारभूत सेवाका समस्या यथावत् रहेका बेला लाखौं रुपैयाँ भ्रमण शीर्षकमा खर्च हुनु जनप्रतिनिधि र प्रशासनिक नेतृत्वको गैरजिम्मेवारीपनको उदाहरण हो ।

नगरपालिकामा लामो समयदेखि निमित्त संरचनाबाट प्रशासन सञ्चालन हुँदै आएकाले आर्थिक अनुशासन कमजोर बन्दै गएको आरोपसमेत उठ्दै आएको थियो । महालेखाको पछिल्लो प्रतिवेदनले ती आरोपलाई थप पुष्टि गरेको स्थानीयको भनाइ छ । सार्वजनिक निकायमा सुशासन कायम गर्ने जिम्मेवारी बोकेका अधिकारीहरूकै कार्यकालमा कानुनविपरीत खर्च, अभिलेखविहीन भुक्तानी र उद्देश्यहीन भ्रमण खर्च भएको तथ्य बाहिरिएपछि अब अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र सम्बन्धित निकायले छानबिन गर्नुपर्ने माग उठ्न थालेको छ ।

महालेखाले प्रतिवेदनमार्फत आगामी दिनमा भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले कानुनी व्यवस्था कडाइका साथ पालना गर्न, भ्रमण अभिलेख व्यवस्थित राख्न तथा दुरुपयोग रोक्न प्रभावकारी नियन्त्रण प्रणाली लागू गर्न निर्देशन दिएको छ ।

## ऐलानी............

समस्या भने अझै फाइलमै सीमित छ । सरकार बदलियो, मन्त्री फेरिए, तर नागरिकको समस्या उस्तै रह्यो ।

स्थानीय बासिन्दाहरू भन्छन्– "निर्वाचनका बेला नेताहरू घरदैलोमा आएर लालपूर्जा दिने वाचा गर्छन् । तर चुनाव सकिएपछि हाम्रो समस्या फेरि ओझेलमा पर्छ ।" फिल्डबुकमा विवरण छ । पुराना लेखत छन् । पुस्तौंदेखिको भोगचलन छ । तर लालपूर्जा छैन । अब मधेशका हजारौं नागरिक राज्यसँग एउटै प्रश्न सोधिरहेका छन्– "आखिर हाम्रो भूमि अधिकारलाई राज्यले कहिले मान्यता दिन्छ ?"भूमि केवल सम्पत्ति होइन, नागरिकको पहिचान, सुरक्षा र भविष्यसँग जोडिएको संवेदनशील विषय हो । तर राज्यको ढिलासुस्तीका कारण हजारौं परिवार आज पनि आफ्नै जग्गामा असुरक्षित छन् । भूमि अधिकार सुनिश्चित नगरी विकास, आर्थिक सशक्तीकरण र सामाजिक न्यायको भाषण गर्नु केवल राजनीतिक नाराबाजी मात्र भएको सरोकारवालाहरूको आरोप छ ।

तराई-मधेशका हजारौं परिवार आज पनि लालपूर्जा अभावमा कानुनी अन्यायको शिकार भइरहेका छन् । पुस्तौंदेखि भोगचलन गर्दै आएको जग्गाको स्वामित्व नपाउँदा उनीहरूको सामाजिक, आर्थिक र पारिवारिक जीवन नै संकटमा परेको छ ।

सरकार फेरिनु मात्रै समाधान होइन । अब राज्यले गाउँब्लक तथा एलानी जग्गाको समस्या समाधान गर्न ठोस राजनीतिक निर्णय, स्पष्ट कानुनी प्रक्रिया र व्यावहारिक कार्यान्वयन तत्काल अघि बढाउनुपर्ने देखिएको छ । अन्यथा "भूमि अधिकार" भन्ने शब्द केवल भाषण र घोषणापत्रमै सीमित रहनेछ, जबकि हजारौं नागरिक आफ्नै देशमा अधिकारविहीन भएर बाँचिरहनेछन् ।

## मटिअर्वा.......

क्षेत्रका नागरिकहरू समस्यामा परेका छन् । विशेष गरी दैनिक उपभोगका खाद्यान्न, लत्ताकपडा तथा अन्य साना सामान ल्याउने सर्वसाधारण बढी प्रभावित बनेका छन् ।

मटिअर्वा नाका हुँदै नियमित रूपमा आवतजावत गर्ने स्थानीयवासीले बिना स्पष्ट जानकारी सामान ओसारपसारमा रोक लगाइएकाले अन्योल बढेको बताएका छन् । कतिपय अवस्थामा नेपाली नम्बर प्लेटका मोटरसाइकल तथा साना सवारीलाई समेत चेकजाँचका नाममा लामो समय रोकेर राख्ने गरिएको स्थानीयको भनाइ छ । सीमावर्ती क्षेत्रमा व्यापार गर्ने व्यवसायीहरूका अनुसार भारतीय पक्षको कडाइका कारण साना व्यापारीहरूको कारोबार घट्न थालेको छ । दैनिक उपभोगका सामान ल्याएर जीविकोपार्जन गर्नेहरू प्रत्यक्ष मारमा परेका छन् । स्थानीय व्यापारीले सीमामा सहज आवतजावत सुनिश्चित गर्न सम्बन्धित निकायले तत्काल पहल गर्नुपर्ने माग गरेका छन् ।

स्थानीय बासिन्दाले दुवै देशबीच खुला सीमाको अभ्यास रहँदै आएको अवस्थामा अचानक बढाइएको कडाइले सर्वसाधारणलाई अनावश्यक दुःख दिएको बताएका छन् । उनीहरूले सीमा क्षेत्रमा देखिएको समस्या समाधानका लागि नेपाली प्रशासन सक्रिय हुनुपर्नेमा जोड दिएका छन् ।

यस विषयमा जिल्ला प्रशासन कार्यालय बारा, सशस्त्र प्रहरी बल नेपाल तथा भारतीय पक्षबाट आधिकारिक धारणा सार्वजनिक हुन बाँकी रहेको छ । यद्यपि सीमा क्षेत्रमा सुरक्षा संवेदनशीलता, अवैध कारोबार नियन्त्रण वा अन्य प्रशासनिक कारणले निगरानी कडा पारिएको हुन सक्ने अनुमान स्थानीयले गरेका छन् ।

सीमाक्षेत्रका नागरिकहरूले समस्या दीर्घकालीन बन्न नदिन नेपाल-भारत सीमा समन्वय संयन्त्रमार्फत तत्काल छलफल गरी सहज आवतजावतको वातावरण बनाउन आग्रह गरेका छन् । मटिअर्वा नाकामा देखिएको पछिल्लो अवस्थाले सीमापार सम्बन्ध, स्थानीय अर्थतन्त्र तथा दैनिक जनजीवनमा प्रत्यक्ष असर पारेको नागरिकहरूको भनाइ छ ।


ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।

समाजिक सञ्जालको दुरुपयोग नगरौं ।



तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# एकै दिनमा ४७९ किलो गाँजा बरामद : पर्सा प्रहरीको कडा अभियानले तस्कर सञ्जालमा दबाब

*राजन कुमार बानिया*
*पर्सा, ०४ असार*

नेपाल-भारत सीमासँग जोडिएको संवेदनशील जिल्ला पर्सामा लागुऔषध तस्करीविरुद्ध प्रहरीले सञ्चालन गरेको कडा अभियानले उल्लेखनीय सफलता हासिल गरेको छ । इलाका प्रहरी कार्यालय पोखरियाका प्रमुख प्रहरी निरीक्षक प्रदीप पौडेलको नेतृत्वमा सञ्चालन भइरहेको निगरानी, सीमा सुरक्षा तथा अपराध नियन्त्रण अभियानअन्तर्गत एकै दिनमा ४७९ किलो गाँजा बरामद गरिएको छ ।

प्रहरीका अनुसार पर्सा प्रवेश गर्ने क्रममा १०९ किलो गाँजा र पर्साबाट भारततर्फ लैजान तयारी अवस्थामा रहेको ३७० किलो गाँजा बरामद गरिएको हो । सुरक्षा निकायले यसलाई मधेस प्रदेशमै हालसम्मकै महत्वपूर्ण लागुऔषध नियन्त्रण अभियानमध्ये एक मानेको छ ।

प्रहरी निरीक्षक प्रदीप पौडेलको निर्देशनमा खटिएको संयुक्त प्रहरी टोलीले वीरगञ्ज महानगरपालिका-२१ स्थित ड्राइपोर्ट-परवानीपुर सडकखण्डमा विशेष चेकजाँचका क्रममा पथलैयाबाट वीरगञ्जतर्फ आउँदै गरेको बा.१९ च ५७३८ नम्बरको बोलेरो पिकअप रोकेको थियो । जाँचका क्रममा गाडीको पछाडिको भागमा त्रिपालले छोपेर प्लास्टिकमा बेरिएका आठ वटा पोकाभित्र १०९ किलो गाँजा फेला परेको प्रहरीले जनाएको छ । घटनास्थलबाट सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-२ निवासी ३० वर्षीय सुभाष थामी र २८ वर्षीय छत्रबहादुर थामी पक्राउ परेका छन् ।

प्रहरी स्रोतका अनुसार गाँजा अत्यन्त योजनाबद्ध रूपमा लुकाएर गन्तव्यतर्फ लैजान खोजिएको थियो । तर नियमित निगरानी, गोप्य सूचनाको विश्लेषण तथा कडाइका साथ गरिएको चेकिङका कारण तस्करहरूको योजना असफल बनेको हो ।

पहिलो सफलता सेलाउन नपाउँदै प्रहरीले सोही दिन अर्को ठूलो परिमाणमा गाँजा बरामद गरेको छ । मिति २०८३ असार ३ गते राति करिब ९:१० बजे छिपहरमाई गाउँपालिका-१ मिर्जापुरस्थित नेपाल-भारत सीमावर्ती क्षेत्रमा संयुक्त गस्ती टोलीले २५ वटा पोकाभित्र लुकाएर



राखिएको ३७० किलो गाँजा फेला पारेको थियो ।

इलाका प्रहरी कार्यालय पोखरिया र प्रहरी चौकी मिर्जापुरबाट खटिएको टोलीले पानीविहीन नहरको खाल्डोछेउको झाडीमा गाँजा लुकाएर राखिएको अवस्थामा बरामद गरेको जनाएको छ । प्रहरीको उपस्थिति थाहा पाएपछि तस्करहरूले गाँजा छाडेर भागेको प्रारम्भिक अनुमान गरिएको छ ।

प्रहरीले उक्त गाँजा भारततर्फ ओसारपसार गर्ने तयारीमा राखिएको हुनसक्ने आशंकासहित थप अनुसन्धान अघि बढाएको जनाएको छ ।

सुरक्षा विश्लेषकहरूका अनुसार यी दुई घटनाले प्रहरीले केवल सडक चेकिङमा मात्र नभई सम्पूर्ण आपूर्ति सञ्जालमाथि निगरानी बढाएको संकेत गरेको छ । पर्सालाई ट्रान्जिट रुटका रूपमा प्रयोग गर्न खोज्ने तस्कर समूह प्रहरीको सक्रियताका कारण असफल भइरहेका छन् ।

एकातर्फ गाँजा बोकेर पर्सा प्रवेश गरिरहेको गाडी पक्राउ पर्नु र अर्कोतर्फ सीमावर्ती क्षेत्रमा भारततर्फ लैजान तयारी अवस्थामा रहेको ठूलो परिमाणको गाँजा बरामद हुनु प्रहरीका लागि महत्वपूर्ण सफलता मानिएको छ । एकै दिनमा ४७९ किलो गाँजा बरामद हुनु मधेस प्रदेश प्रहरीका लागि ठूलो उपलब्धि भएको सुरक्षा जानकारहरू बताउँछन् । लागुऔषध कारोबारलाई समाज, युवा पुस्ता तथा राष्ट्रिय सुरक्षामाथिको गम्भीर चुनौतीका रूपमा हेरिने भएकाले यस्तो परिमाणमा गाँजा नियन्त्रणमा लिनु संगठित अपराधमाथिको प्रत्यक्ष प्रहार भएको उनीहरूको भनाइ छ ।

स्थानीय बासिन्दा तथा सुरक्षा वृत्तका अनुसार प्रहरी निरीक्षक प्रदीप पौडेलले पोखरिया क्षेत्रमा जिम्मेवारी सम्हालेपछि सीमावर्ती क्षेत्रमा निगरानीलाई प्राथमिकता दिएका छन् । नियमित गस्ती, गोप्य सूचना संकलन, शंकास्पद गतिविधिमाथि तत्काल प्रतिक्रिया तथा मातहतका प्रहरीको सक्रिय परिचालनका कारण पछिल्ला सफलताहरू सम्भव भएको बताइएको छ ।

प्रहरीले अपराध नियन्त्रणमा "घटना भएपछि प्रतिक्रिया दिने" भन्दा पनि "अग्रिम रोकथाम" रणनीतिमा जोड दिँदै आएको स्थानीय स्रोतहरूको भनाइ छ । त्यसकै परिणामस्वरूप तस्करहरूले प्रयोग गर्ने सम्भावित मार्ग, भण्डारण स्थल तथा ट्रान्जिट क्षेत्रमा निगरानी बढाइएको छ ।

पछिल्लो बरामदगीले पर्सा तथा सीमावर्ती क्षेत्रमा सक्रिय लागुऔषध तस्करी सञ्जाललाई स्पष्ट सन्देश दिएको छ । कानुन कार्यान्वयन गर्ने निकाय सक्रिय र परिणाममुखी ढंगले अघि बढिरहेको अवस्थामा तस्करीका पुराना शैली प्रभावकारी नहुने देखिएको छ ।

स्थानीय समुदाय, जनप्रतिनिधि, नागरिक समाज तथा सरोकारवाला निकायको सहकार्यबिना लागुऔषध नियन्त्रण सम्भव नहुने भए पनि पछिल्लो समय पर्सामा देखिएको प्रहरीको सक्रियताले राज्य संयन्त्र लागुऔषधविरुद्ध दृढतापूर्वक उभिएको सन्देश दिएको छ ।

# ट्रयाक्टरको ठक्करबाट मोटरसाइकल सवार वृद्धको मृत्य चालक नियन्त्रणमा, मोटरसाइकल चालक फरार

*सत्येन्द्र प्रताप सिंह*
*रूरौतहट, ०४ असार*

रौतहटको गढिमाई नगरपालिका-२ समनपुर बजारस्थित गरुडा-समनपुर सडक खण्डमा बिहीबार दिउँसो भएको सवारी दुर्घटनामा परी एक जना वृद्धको दु:खद मृत्यु भएको छ । ट्रयाक्टरले मोटरसाइकललाई पछाडिबाट ठक्कर दिँदा मोटरसाइकलमा सवार ६० वर्षीय वृद्धको ज्यान गएको हो ।

रुइलाका प्रहरी कार्यालय समनपुरका अनुसार बिहीबार दिउँसो करिब १२:४५ बजेको समयमा समनपुरबाट सर्लाहीको हजरियातर्फ जाँदै गरेको ना ३ त २३३७ नम्बरको ट्रयाक्टरले सोही दिशा तर्फ जादैं गरेको प्र.२-०३-००२ प ९८२ नम्बरको मोटरसाइकललाई पछाडिबाट ठक्कर दिएको थियो ।

रुट्रयाक्टरको ठक्करबाट मोटरसाइकलको पछाडि सवार गढिमाई नगरपालिका वडा नम्बर ४ सुन्दरपुर बस्ने अन्दाजी ६० वर्षीय रामानन्द महरा गम्भीर घाइते भएका थिए । दुर्घटनामा उनको ढाड र अण्डकोषमा गम्भीर चोट लागेको तथा रुउपचारका लागि लैजाँदै गर्दा बाटोमै मृत्यु भएको थियो ।



रुदुर्घटनालगत्तै घाइते महरालाई उद्धार गरी स्थानीय वेटर नेपाल हस्पिटल गरुडा पुर्‍याइएको थियो । त्यहाँ सामान्य उपचार गरिए पनि उनको अवस्था अत्यन्तै नाजुक भएपछि

बाँकी तेश्रो पृष्ठमा

# १३६ विद्यालयको १८ करोड ८१ लाख ५० हजार रूपैयाँ बेरूजु फछ्र्योट गर्न अन्तिम ताकेता

*शु.आ. सम्बाददाता*
*बारा, ०४ असार*

शिक्षा विकास तथा समन्वय इकाइ कलैया, बाराले जिल्लाका १३६ वटा विद्यालयलाई भौतिक निर्माणसम्बन्धी खर्चको बेरुजु फछ्र्योट गर्न अन्तिम ताकेता गरेको छ । कार्यालयले आर्थिक वर्ष २०७३/७४ मा निकासा गरिएको १८ करोड ८१ लाख ५० हजार रुपैयाँ बराबरको रकमको कार्य सम्पन्न प्रतिवेदन तथा आवश्यक कागजात पेश नगरेको भन्दै सम्बन्धित विद्यालयहरूलाई सात दिनभित्र अनिवार्य रूपमा विवरण बुझाउन निर्देशन दिएको हो ।

इकाइले जारी गरेको पत्र संख्या ०८२/०८३ तथा चलानी नम्बर १४२० अनुसार शिक्षा विभाग कार्यक्रम कार्यान्वयन पुस्तिका २०७३/७४ को कम्पोनेन्ट नं. ८.२.९.२४ को ८.२.३.३१.८ बमोजिम विद्यालयहरूलाई निकासा गरिएको रकमको नियमानुसार कार्य सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन, नापी किताब तथा खर्च पुष्टी हुने कागजात पेश गर्नुपर्ने व्यवस्था रहेको उल्लेख गरिएको छ ।

तर कार्यालयका अनुसार लेखापरीक्षणको अवधि २०७४/१०/१० सम्म पनि अधिकांश



विद्यालयहरूले आवश्यक प्रतिवेदन तथा प्रमाण पेश नगरेपछि बेरुजु कायम भएको हो । इकाइले पटक-पटक स्थानीय तहमार्फत कागजात पेश गर्न अनुरोध गरे पनि केही विद्यालयबाट मात्र कागजात प्राप्त भएको जनाएको छ ।

पत्रमा उल्लेख गरिएअनुसार तपसिलमा रहेका विद्यालयहरूले आफ्नो विद्यालयको नाम रुजु गरी सात दिनभित्र अनिवार्य रूपमा कार्य सम्पन्न प्रतिवेदन तथा सम्बन्धित कागजात पेश गर्नुपर्नेछ । अन्यथा नियमानुसार कारबाही प्रक्रिया अघि बढाइने चेतावनी दिइएको छ ।

शिक्षा विकास तथा समन्वय इकाइका निमित्त प्रमुख अशोक कुमार रौनियारद्वारा हस्ताक्षरित पत्रको बोधार्थ शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुर तथा बाराका सबै स्थानीय तहलाई पठाइएको छ । स्थानीय तहलाई आवश्यक सहयोग, समन्वय तथा कार्यान्वयनका लागि अनुरोध गरिएको छ ।

कार्यालय स्रोतका अनुसार उक्त रकम विद्यालय भवन, भौतिक संरचना निर्माण तथा शैक्षिक पूर्वाधार विकासका विभिन्न शीर्षकमा निकासा गरिएको थियो । तर कार्य सम्पन्न प्रतिवेदन र खर्च पुष्टी हुने कागजात नआउँदा सरकारी रकमको पारदर्शिता तथा उपयोगितामाथि प्रश्न उठेको छ ।

शिक्षा क्षेत्रमा ठूलो रकमको बेरुजु कायम रहनुले सरकारी अनुदानको प्रभावकारी कार्यान्वयन, अनुगमन र जवाफदेहितामाथि समेत चुनौती थपिएको सरोकारवालाहरूको भनाइ छ । स्थानीय तह र सम्बन्धित विद्यालयले समयमै आवश्यक कागजात पेश नगरे थप प्रशासनिक तथा कानुनी प्रक्रिया अघि बढ्न सक्ने देखिएको छ ।

# स्प्राइटको बोतलमा राखिएको डिजेल सेवन गर्दा ४ वर्षीय बालक बिरामी

*शु.आ. सम्बाददाता*
*बारा, ०४ असार*

बाराको सुवर्ण गाउँपालिका-६ मुसहर्ना निवासी एक ४ वर्षीय बालकले खेल्ने क्रममा डिजेल सेवन गर्दा बिरामी भएका छन् ।

जिल्ला प्रहरी कार्यालय बाराका अनुसार स्थानीय महेबुब अंसारीका छोरा साहेब आलमले घरमा स्प्राइटको बोतलमा राखिएको डिजेल झुक्किएर सेवन गरेका थिए । डिजेल सेवन गरेपछि बालक अचानक बिरामी भएपछि परिवारले तत्काल उपचारका लागि प्रादेशिक अस्पताल कलैया पुर्‍याएका थिए ।

हाल बालकको प्रादेशिक अस्पताल कलैयामा उपचार भइरहेको प्रहरीले जनाएको छ । उपचारमा संलग्न चिकित्सकका अनुसार बालकको अवस्था मध्यम रहेको बताइएको छ । घटनाको समयमा बालककी आमा साथमै रहेको जानकारी प्राप्त भएको प्रहरीले जनाएको छ ।

घटनाबारे बिहिबार बिहान करिब १०:३५ बजे प्रादेशिक अस्पताल




कलैयामार्फत प्रहरी चौकी तेलकुवालाई जानकारी प्राप्त भएपछि प्रहरी बलहकदार बाल किशोर कुँवरको कमाण्डमा टोली खटिएको थियो । प्रहरीले घटनाबारे थप अनुसन्धान तथा बुझ्ने कार्य भइरहेको जनाएको छ ।

सामान्य प्रयोगका पेय पदार्थका बोतलमा डिजेल, पेट्रोलजस्ता ज्वलनशील पदार्थ राख्ने प्रवृत्तिले यस्ता दुर्घटना बढ्ने जोखिम रहने भएकाले सचेत रहन सरोकारवालाले आग्रह गरेका छन् । विशेषगरी बालबालिकाको पहुँचभन्दा टाढा यस्ता पदार्थ सुरक्षित रूपमा राख्नुपर्ने आवश्यकता औँल्याइएको छ ।

# मटिअर्वा नाकामा आवतजावतमा आंशिक रोक, स्थानीय जनजीवन प्रभावित

*शु.आ. सम्बाददाता*
*कलैया, ०४ असार*

बाराको प्रमुख सीमा नाका मटिअर्वाबाट भारततर्फ जाने-आउने नेपाली नागरिक, नेपाली नम्बर प्लेटका सवारीसाधन तथा दैनिक उपभोगका सामानको आवतजावतमा भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले आंशिक रोक लगाएपछि स्थानीय जनजीवन प्रभावित बनेको छ । सीमाक्षेत्रका बासिन्दाले दैनिक किनमेलदेखि साना व्यापारसम्म प्रभावित भएको गुनासो गरेका छन् । स्थानीयका अनुसार पछिल्ला केही दिनयता भारतीय सुरक्षाकर्मीले



नेपालतर्फ ल्याइने घरायसी सामग्रीमा कडाइ गर्दै विभिन्न सामान रोक्न थालेका छन् । यसका कारण सीमावर्ती

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा